## धनकुटामा लैङ्गिक हिंसा न्यूनीकरणका लागि पुरुष सञ्जाल गठन र क्षमता विकास तालिमको आयोजना

धनकुटा नगरपालिकाको पुरुष सञ्जाल गठन तथा संचालन कार्यविधि अनुसार गठन भएको पुरुष सञ्जाल सदस्यहरुका लागि मिति २०८२/०२/७ र ८ गतेर दिने क्षमता अभिबृद्दि तथा अभीमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । सार्वजनिक सूचना अनुसार स्वच्छिक निवेदन दिएका तथा वडा कार्यालयहरुको सहजीकरणमा छनौट हुनु भएका धनकुटा नगरभित्रका ३५ जना आदर्श पुरुषहरुको सहभागिता र पुरुष सञ्जालको क्षेत्रमा शुरुवात देखि नै अभियान्ताको रुपमा रहनु भएका हामी दाजुभाई सँस्था काठमाण्डौका अध्यक्ष संजोग ठकुरीको सहजीकरणमा यो तालिम कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रमको शुरुवाती सत्रमा नगर प्रमुख श्री चिन्तन तामाङले लैङ्गिक हिंसा एक अपराध मात्र नभई मानव अधिकारको ठाडो उलङ्घन पनि हो जवसम्म यस्तो हिंसाको अन्त्य हुँदैन तवसम्म लैङ्गिक समानताको लक्ष्य पुरा गर्न सकिन्न भन्दै सवै सहभागीहरुलाई लैङ्गिक हिंसा अन्त्यका लागि यहाँहरुको साथ खोजेको मन्तव्य व्यक्त गर्नु भएको थियो । त्यसैगरि उप प्रमुख श्री भीमादेवी खनालले धनकुटामा लैङ्गिक हिंसाको अवस्था र न्यूनीकरणको प्रयास सम्बन्धमा अनुभव आदान प्रदान गर्दै तालिम अवधी भर सहभागी भई सहभागीहरुको हौसला बढाउनु भएको थियो । सहभागी केन्द्रित विधीबाट संचालन गरिएको यो तालिममा धनकुटा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री दशरथ राई र परियोजना विज्ञ नुषराज श्रेष्ठले लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजनाको अवधारणा, कार्यक्रम गतिविधि सम्बन्धमा आफ्नो प्रस्तुतीराख्नु भएको थियो ।



| सहभागीहरुको विवरण | |
|---|---|
| जम्मा सहभागी | ३४ जना |
| दलित | १ जना |
| जनजाती | १७ जना |
| ब्राम्हण/क्षेत्री | १६ जना |

| तालिमको विषय बस्तु |
|---|
| पुरुष र पुरुषत्व सम्बन्धी बुझाई |
| पुरुषत्व र नारीत्व, लिङ्ग र लैङ्गिकता |
| लैङ्गिक हिंसा सम्बन्धि धारणागत स्पष्टता,हिंसाका कारण, स्वरुप तथा असरहरु |
| लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागी एकिकृत सेवा पहुँच परियोजनाको अभिमुखीकरण (पृष्ठभूमी उद्देस्य, सँस्थागत संरचना, परियोजनाको संभाग, क्रियाकलाप, आगामी कार्ययोजना) र लैङ्गिक हिंसा निवारण कोष |
| लैङ्गिक हिंसा सम्बोधनका लागी सेवाहरुमा पहुँच<br>**वर्तमान अबरोध र चुनौतीहरु**<br>• जीवन चक्रमा आधारीत अवरोधहरु, किशोरकिशोरीहरुले सामना गर्नुपर्ने अवरोधहरु, अपाङ्गता भएका व्यक्तीहरुले सामना गर्नुपर्ने अवरोधहरु र यौनिक तथा अल्पसंख्यकहरुले सामना गर्नुपर्ने अवरोधहरु |
| महिला तथा बालबालिका उपर हुने हिंसा अन्त्यका लागी पुरुष सहभागिताः के हो र के होइन |

पुरुष सहभागिताका क्षेत्रहरु


- परिवार, शैक्षिक स्थान, कार्यस्थल,सार्वजनिक स्थान

- महिला तथा बालबालिका उपर हुने हिंसा अन्त्यका लागी पुरुष सहभागिता कार्यविधी
- लैङ्गिक हिंसा निवारणमा पुरुष सञ्जालको भूमिका
- पालना गर्नु पर्ने आचारसंहिता, योग्यता तथा कार्यअवधि









महिला
पुरुष
पुरुषका दुःख
सकारात्मक पुरुषत्व
महिला







